सुदुरपश्चिम प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय, अछाम

मंगलसेन, अछाम

प.सं: २०८०/०८१ मिति:२०८०/०१/२७
च.नं.:

## CLIPS निर्माण, तालिम र NTFP (टिमुर, अल्लो, दालचिनी, चिउरी आदी) स्थानीय तहहरु तथा समुहहरुका लागि योजना तयार, उत्पादन र प्रशोधन सम्बन्धी उपकरण खरिद, जडान र संचालन सम्वन्धी जारी गरिएको

## सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/१/२७)

डिभिजन वन कार्यालय अछामको आ.व. २०८०/०८१ को लागि स्वीकृत **EbA II** आयोजना अन्तर्गत CLIPS र NTFP ( टिमुर, अल्लो, दालचिनी, मह, घिउ, च्याउ, वेसार, चिउरी, आदी) स्थानिय तहहरु, समूहहरुका लागी योजना तयार, उत्पादन र प्रशोधन सम्बन्धी उपकरण खरिद सहयोग, जडान र संचालन सहयोग कार्यक्रम रहेकोले प्रस्ताव सँग सम्वन्धित ईच्छुक उद्यमी समूह, उपभोक्ता समूह/समिति, संघ/संस्था, कृषक समूहहरुले उल्लेखित कार्यक्रमका लागी प्रस्ताव सहित माग गरिएका कागजातहरु संलग्न गरी यस कार्यालयमा १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा सिलबन्दी प्रस्ताव दर्ता गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।विस्तृत सूचना र प्रस्तावको ढाँचा कार्यालय समय भित्र यस कार्यालयबाट वा कार्यालयको वेवसाइट **www.dfoachham.gov.np** बाट प्राप्त गर्न सकिनेछ । रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

| क्र.सं. | आयोजना/क्रियाकलापको विवरण | इकाई | परिमाण | जम्मा स्वीकृत बजेट रु | साझेदारी रकम | प्रस्तावकहरु | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ग्रैहकाष्ट वनपैदावार NTFP (टिमुर, अल्लो, दालचिनी, चिउरी आदी) उत्पादन र प्रशोधन सम्बन्धी उपकरण खरिद, जडान कार्य संचालन | प्याकेज | ३ | ४२ | प्रस्तावकले कम्तीमा २५ प्रतिशत रकम लागत साझेदार गर्नु पर्नेछ। | सामुदायिक/कवुलियती वन उपभोक्ता समूह, वडावाड सिफारिस भई गठन भएका समुह र समिति जस्तै: सहकारी संस्था, कृषक समूह, आमा समूह, महिला समूह आदी, | स्विकृत योजनाको अधिनमा रही तीन वटा प्रस्तावकहरुलाई जिन्सी वन नगद अनुदान उपलब्ध गराउन सकिनेछ । |

**१.सञ्चालन गरिने प्रमुख क्रियाकलापहरुः**

जडीवुटी तथा गैह काष्ठ वन पैदावार प्रशोधन उद्योगहरु जस्तै अल्लो प्रशोधन उद्योग, मह प्रशोधन तथा माउरी घार उत्पादन, रीठ्ठा प्रशोधन उद्योग लगायत वेतबांस, लोक्ता, अमला प्रशोधन जस्ता उद्योगको स्थापना तथा सञ्चालन गर्न आवश्यक उपकरण, सामाग्रीहरु खरिद तथा व्यवस्थापन का साथै जडिवुटी तथा गैरकाष्ठ वन पैदावारमा आधारित प्राथमिक तथा द्वितिय चरणका प्रशोधनका उद्योग स्थापना कार्य संचालन कार्य सँग सम्वन्धित क्रियाकलापहरु।

**२.कार्यक्रम सञ्चालन गरिने क्षेत्रहरु**

यो कार्यक्रमको कार्यक्षेत्र साँफेबगर न.पा, मेल्लेख गा.पा र रामारोशन गा.पा को कार्यक्षेत्र भित्र रहनेछ । प्रस्तावहरु छनोट गर्दा (क) साँफेबगर न.पा १३ बावला, (ख) मेल्लेख गा.पा १, २, र ६, ऋषिदह, शोडपा र (ग) रामारोशन गा.पा ५ र ६ भाटाकाटीया र रामारोशन क्षेत्रलाई प्राथमिकता दिइनेछ ।

**३.उपभोक्ता समिति, समूह, संघ संस्था, कृषक समूह छनौटका मापदण्ड र आधारहरुः**

- उपभोक्ता समिति, समूह, संघ संस्था, कृषकको सक्रियता, विगतको अनुभव, महिला सहभागिता, उद्योगको कच्चा पदार्थको उपलब्धता, माग र औचित्य, मूल्य श्रृङ्खलामा निर्यातजन्य वा आयात प्रतिस्थापन गर्ने सम्भावना, रोजगारीको सिर्जनाको अवस्था, स्थानीय स्रोत र

Scanned with CamScanner

सुदुरपश्चिम प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
# डिभिजन वन कार्यालय, अछाम
मंगलसेन, अछाम

जनक पाध्या
डिभिजनल वन अधिकृत

सामाग्रीको प्रयोग र प्रतिफल दिने अवधि, लगानीको तुलनामा अपेक्षित प्रतिफलको अवस्था, वातावरणीय दृष्टिकोणले अनुकूल तथा स्थानीय परिवेश अनुसार नवीनतम कार्य जस्ता बुंदाहरुलाई आधार बनाई उद्योग वा उद्योगीको छनोट गरिनेछ ।

- प्रस्तावकले व्यवसायिक योजना सहित प्रस्ताव पेश गर्नुपर्नेछ र प्राप्त प्रस्तावहरुको मूल्यांकन गरी उपयुक्त प्रस्ताव पेश गर्ने ३ वटा प्रस्तावकहरुलाई क्षमता र उपयुक्तताको आधारमा कुल लागतको ७५ प्रतिशतमा नवढ्ने गरी अनुदान रकम उपलब्ध गराउन सकिनेछ। यस प्रकारको सहयोगवाट प्रस्तावदाताले उद्यम सञ्चालनका लागि आवश्यक पर्ने मेशिनरी औजार खरीद जस्ता प्रविधि जडान जस्ता क्रियाकलापमा खर्च गर्न सक्नेछ ।साथै मूल्य अभिवृद्धि गर्न आवश्यक पर्ने संकलन, प्रशोधन र भण्डारण विधी लगायतका प्रवर्द्धनात्मक कार्यहरुमा सहयोग पुग्ने कार्यहरुमा सहयोग गर्न सकिनेछ । कार्यसंचालनका लागि आवश्यक पर्ने जग्गा र भवन तथा संचालन गृह प्रस्तावक आफैले व्यवस्था गर्नुपर्नेछ ।
- जडिबुटी तथा गैरकाष्ठ वन पैदावार उद्यम विकास सहयोगका क्षेत्रहरुमा प्रविधि सुधारका मेशीन, बाँस, निगालो, अग्निसोजन्य उद्यम, जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको विकास, बिस्तार र प्याकेजिङ्ग लगायतका हुनेछन् । स्थानीय स्तरमा कच्चा पदार्थ उपलब्ध भई सञ्चालन हुनसक्ने र भईरहेका लघु उद्यमहरुमा प्रविधि तथा उपकरणहरुमा सहयोग पुग्ने क्रियाकलापहरुलाई प्राथमिकता दिईनेछ।

### ४.प्रस्ताव मूल्याङ्कनका आधारहरु

सूचनामा तोकिएको समयसिमा भित्र रही डिभिजन वन कार्यालयमा प्राप्त भएका प्रस्तावहरुको उल्लेखित मापदण्ड र आधारमा गठित मूल्याङ्कन समितिले मूल्याङ्कन गरी गरी प्रतिवेदन डिभिजनल वन अधिकृत समक्ष प्रतिवेदन पेश गर्नेछ । मूल्याङ्कन कार्यदलले आवश्यकता अनुसार फिल्ड भेरीफकेशन समेत गर्न सक्नेछ। समूह, संघसंस्थाको योगदानको हकमा योगदान वापतको अंक समेत प्रस्तावनामा उल्लेख गर्नुपर्नेछ। मूल्याङ्कन समितीबाट निर्णय भएपछि अनुदानको लागि छनौट भएका प्रस्तावहरुको नामावली, अनुदान रकम र सम्झौता गर्न आउने मिती समेत उल्लेख गरी कार्यालयको सचना पाटी र वेभसाईट मार्फत सार्वजनिक गरिने छ।

### ५.पेश गर्नु पर्ने कागजातहरु

- कार्य समितिको निर्णय प्रतिलिपी,
- PAN वा VAT मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी,
- कार्यक्रम कार्यान्वयन हुने स्थल (जग्गा) को स्वामित्व देखिने कागजातको प्रतिलिपी,
- जग्गा लिजमा लिएको भए १० वर्षे करारनामा वा सम्झौता पत्र,
- प्रचलित कानुन बमोजिम आधिकारीक निकायमा संघसंस्था/कृषक समूहहरु/कृषि फर्म/ कम्पनी दर्ता एवं नविकरण गर्नु पर्ने भए सो को प्रमाणपत्र,
- कर चुक्ता प्रमाणपत्र (कर लाग्ने संस्थाको हकमा)
- लागत साझेदारी गर्ने प्रतिवद्धता पत्र,
- स्थानिय तहको सिफारीस,
- कार्य सँग सम्बन्धित व्यक्तिहरुको अनुभव तथा तालिमको पमाणपत्र
- कार्यक्रम संचानलनको लागि तोकिएको ढाँचा बमोजिमको प्रस्ताव
- कार्यविधिमा उल्लेख भएको थप कागजातहरु ।

### ६.समय सिमा

यो कार्यक्रम २०८१ साल आषाढ १५ गते भित्र निम्न विवरण साथ कार्य सम्पन्न प्रतिवेदन डि.व.का मा पेश गर्नु पर्नेछ।

- कार्य सम्पन्न विवरण।
- कार्य सम्पन्न प्रगति परिमाण तथा खर्च विवरण।
- अनुदान तथा प्रस्तावदाताले गरेको खर्च लगानीको अलग-अलग स्पष्ट मूल्याङ्कन विवरण।

Scanned with CamScanner

सुदुरपश्चिम प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

**डिभिजन वन कार्यालय, अछाम**

मंगलसेन, अछाम

जनक पाध्या
डिभिजनल वन अधिकृत

- कार्यको उपलब्धी तथा रोजगारीका अवसर तथा अवस्थाि
- कार्य सम्पादनमा समस्या, चुनौती, अवसर र सिकाईहरु।
- कार्य सम्पन्न क्षेत्रको तस्विर।
- उधम स्थापनाका लागि सहयोग गरीएका मेशिन तथा उपकरणहरुको विवरण
- कार्यक्रम सम्पन्नमा लागेको जम्मा खर्चको विवरण
- कार्य सञ्चालन अघि र पछीको फोटो
- व्यवसायिक योजना तयार
- विवरण सहितको स्थलगत सुचना पाटी
- फोटो सहितको सार्वजनिक सुनुवाई प्रतिवेदन

**७.भुक्तानी प्रक्रिया**

सञ्चालन गर्न प्रथम किस्ता स्वरुप २० प्रतिशत, दोश्रो किस्ता वापत ४० प्रतिशत र अन्तिम प्रतिवेदन प्राप्त भएपश्चात बांकी तेश्रो किस्ता वापत ४० प्रतिशत रकम भुक्तानी गरिनेछ ।

**८.पेश गर्नु पर्ने प्रस्तावनाको ढाँचा**

१. परिचय : (संस्था/निजी कृषकको परिचय, कार्यक्षेत्र, कार्य विषय र अनुभव लेख्ने)
२. कार्यक्रम संचालन हुने जग्गा रहेको ठेगाना, चारकिल्ला, क्षेत्रफल, कि.नं. आदि
३. कार्यक्रम संचालन हुने भूगोल, संरचना, पूर्वाधार-क्षमता आदि विवरणका साथै अवस्थिति झल्किने नक्शा, क्षेत्रफल ( सम्भव भए जी.पी.एस.लोकेशन सहित),
४. अन्य निकाय संघसंस्थासंग समन्वय गरी कार्य गरेको/गर्ने भए सो को विवरण,
५. कार्यक्रम संचालनमा सरोकारवाला/साझेदारहरु को को छन् ?,
६. कार्यक्रम संचालन एवं व्यवस्थपनका उद्देश्यहरु,
७. कार्यक्रमका विशेपताहरु,
८. कार्यक्रम संचालनका फाइदाहरु (कृषि क्षेत्र, वन क्षेत्र, वातावरणीय क्षेत्र, सामाजिक र आर्थिक लाभाशंहरु आदि),
९. हालसम्मको अनुभव र उपलब्धिहरु,
१०. अपेक्षित उपलब्धिहरु
११. कार्यक्रम संचालन गर्नुको प्रतिवद्धता र विश्वसनियता,
१२. जोखिम न्यनीकरणका उपयाहरु,
१३. प्रस्तावित क्षेत्रको तस्वीरहरु,
१४. आर्थिक प्रस्ताव, १५. विविध ।

थप जानकारीको लागि कार्यालय समयभित्र फोन नं.०९७-६२०१४५ वा मो.नं. ९८४६२६०२०९ मा सम्पर्क गर्नु हुन अनुरोध छ । साथै यस कार्यालयको वेबसाइट **www.dfoachham.gov.np** बाट विस्तृत सुचना डाउनलोड गर्न सकिनेछ ।

Scanned with CamScanner